नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-२०७९/०८०

चलानी नं.:- ४२३

मितिः- २०८०/०२/२४

श्री स्थानीय तह (सबै),

विषयः- विश्व योग दिवस सम्बन्धमा।

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. २६ मिति २०८०/०२/२२ को पत्र र सो पत्रसाथ प्राप्त विश्व योग दिवस, २०८० मूल समारोह समितिको बैठकको निर्णयहरु आवश्यक जानकारी/कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

चिरञ्जीवी नेपाल

शाखा अधिकृत

बोधार्थः

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

संघीय मा.प्र.

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ४४६२
दर्ता मिति:- २/२४

पत्र संख्या:- ०७९/८०
चलानी नं.:- २६

(प्रारम्भिक बाल शिक्षा तथा विद्यालय पोषण शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

मिति : २०८० जेठ २२ गते

विषय : विश्व योग दिवस सम्बन्धमा ।

**श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**सिंहदरबार, काठमाडौं ।**

प्रस्तुत विषयमा आगामी २१ जुन २०२३ तदनुसार २०८० असार ६ गते **विश्व योग दिवस** मनाउने सम्बन्धमा यस मन्त्रालयमा मिति २०८० जेठ १४ गतेका दिन माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूको अध्यक्षतामा बसेको विश्व योग दिवस २०८० मूल समारोह समितिको बैठकले विश्व योग दिवस स्थानीय तहमा मनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहमा लेखी पठाउन अनुरोध गर्ने भन्ने निर्णय भएकाले सो दिन विश्व योग दिवस ७५३ ओटै स्थानीय तहहरूमा मनाउने कार्यका लागि तहाँमार्फत् अनुरोध एवम् समन्वय गरिदिनुहुन निर्देशानुसार अनुरोध छ । साथै उक्त बैठकको निर्णय छायाँ कपी यसैसाथ समावेश गरिएको छ ।

श्री स्थानीय तह
समन्वय शाखा
२/२४

हरिप्रसाद निरौला
उपसचिव

फोन नं.:
वेबसाइट: www.moest.gov.np

## विश्व योग दिवस २०८० मूल समारोह समितिको बैठकका निर्णयहरू:
## (मितिः २०८० जेठ १४)

**निर्णय नम्बरः १**

१.१. विश्व योग दिवस सन् २०२३ लाई प्रभावकारी रूपमा मनाउने सन्दर्भमा छलफल गरियो । विश्वयोग दिवस सन् २०२३ का लागि संयुक्त राष्ट्रसंघले तय गरेको मुख्य थिमलाई नेपाली भाषामा समेत अनुकूलुन हुने गरी प्रयोग गर्न योग गुरूहरूबाट प्राप्त सुझावबमोजिम गर्ने । उक्त सुझाव संकलन र नारा छनौट गर्ने कामको संयोजन डा. हरिप्रसाद पोखेलले गर्ने ।

**निर्णय नम्बरः २**

२.१. विश्वयोग दिवस प्रदेश तहमा मनाउन प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमार्फत सबै प्रदेश सरकारहरूलाई अनुरोध गर्ने ।

२.२. विश्वयोग दिवस स्थानीय तहमा मनाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहमा लेखी पठाउने र यस विषयमा मन्त्रालयले गाउँपालिका राष्ट्रिय महासंघ र नगरपालिका महासंघलाई अनुरोध गरी पठाउने ।

**निर्णय नम्बरः ३**

३.१. विश्वयोग दिवस जिल्ला स्तरमा मनाउने सन्दर्भमा नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७३।०२।२६ को निर्णयअनुसार प्रमुख जिल्ला अधिकारीले तोक्ने गरी जिल्लास्तरीय समारोह समिति गठन गर्ने व्यवस्था भएकोले जिल्ला तहमा सोहीबमोजिम समारोह समिति गठन गरी योग दिवस मनाउन गृह मन्त्रालयमार्फत सबै प्रमुख जिल्ला अधिकारीहरूलाई लेखी पठाउने र आवश्यक कार्यार्थ सोको जानकारी शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट ७७ ओटै शिक्षा विकास तथा समन्वय इकाइहरूलाई लेखी पठाउने साथै जिल्लास्तरमा समिति गठन गर्दा जिल्लास्थित आयुर्वेद कार्यालयहरूलाई समेत क्रियशील हुने गरी समितिमा समावेश गर्न उपयुक्त हुने देखिएकोले सो व्यहोरा अनुरोध गर्ने ।

**निर्णय नम्बरः ४**

४.१. योग तथा ध्यानसँग सम्बन्धित संस्थाहरूले सप्ताहव्यापी आआफ्नो अनुकूल हुने गरी विश्व योग दिवस मनाउने र यस सम्बन्धी कार्यक्रमहरूको जानकारी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा गराउने ।

४.२. विश्व योग दिवसलाई आआफ्नो कार्य क्षेत्रमा आआफ्नो अनुकूल हुने गरी मनाउन र त्यसरी मनाइएका कार्यक्रमहरूबारे जानकारी गराउन एवम् केन्द्र तथा जिल्ला तहमा हुने मूल कार्यक्रमहरूमा सहभागी युवा तथा खेलकुद मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, आयुर्वेद कार्यालयहरूलाई,

दीपक शर्मा
सह-सचिव

रामकृष्ण सुवेदी
सचिव

श्री अशोक कुमार ...
शिक्षा, ...

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

विश्वविद्यालय अनुदान आयोगलगायत सबै उच्च शिक्षा प्रदायक संस्था तथा शिक्षालयहरूलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट सबै विद्यालयहरूलाई अनुरोध गरी लेखी पठाउने ।

**निर्णय नम्बरः ५**

५.१. सन् २०२३ जुन २१ तारिख तदनुसार वि सं २०८० असार ६ गते आयोजना गरिने मूल समारोहको कार्यक्रममा प्रमुख आतिथ्यताको लागि सम्माननीय प्रधानमन्त्रीज्यूलाई अनुरोध गर्ने ।

५.२. सन् २०२३ जुन २१ तारिखतदनुसार वि. सं. २०८० असार ६ गते आयोजना गरिने मूल समारोहको कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन एवम् यससम्बन्धी काममा अन्य निकाय र संस्थाहरूसँग समन्वय र निर्देशन गर्नका लागि मन्त्रालयमा शिक्षा सचिवज्यूको अध्यक्षतामा एक उपसमितिको गठन गर्ने ।

दीपक शर्मा
सह-सचिव

रामकृष्ण सुवेदी
सचिव

श्री
शिक्षा, ... प्रविधि